# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २१ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि गृहमन्त्री अमित शाह आज दार्जिलिङमा आयोजित भाजपाको चुनावी सभामा, खराब मौसमको कारण शामेल हुन सक्नु भएन तथा फोन मार्फत उहाँले मानिसहरुलाई सम्बोधित गर्नु भयो।

२. नयाँ दिल्लीको भारत मण्डपममा आज भगवान महावीरको जयन्तीको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले संघर्षको वर्तमान समयमा विश्व समुदायले शांतिकोलागि भारत तर्फ हेरिरहेको बताउनुभएको छ।

३. राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेन्द्र मोदीले आज महावीर जयन्तीको अवसरमा देशवासीहरुलाई शुभकामना दिनुभएको छ।

४. भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि केन्द्रीय मंत्री राजनाथ सिंहले पश्चिम बंगालमा अराजकताको वातावरण बनिरहेको बताउनुभएको छ।

५. विश्वविद्यालय अनुदान आयोगद्वारा यस वर्ष १६ जूनमा गराइने राष्ट्रीय पात्रता परीक्षा-नेटको लागि राष्ट्रीय परीक्षा एजेन्सी- एन.टी.ए. को वेबसाइटमा पंजीकरण शुरु भएको छ।

**अमित शाह**

भारतीय जनता पार्टी को वरिष्ठ नेता अनि गृहमन्त्री अमित शाह आज दार्जीलिङमा आयोजित भाजपाको चुनावी सभामा, खराब मौसमको कारण शामेल हुन सक्नु भएन। दार्जीलिंग लोकसभा केंद्रको उम्मेद्वार राजू बिष्टले मंचबाट श्री शाहको संदेश आफ्नो फोन माइक अघि राख्नु भएर मानिसहरु सम्म पुर्याउनु भयो। अमित शाह हिज शनिवार पश्चिम बंगालको भ्रमणमा पुग्नु भएको थियो। हिज राती उहाँ सिलीगुड़ीको एउटा होटलमा बस्नु भएको थियो। श्री शाह आज बिहान बागडोगरा देखि हेलीकप्टरको माध्यामबाट दार्जिलिङ पुग्नु भएर लेबोंगमा स्थित गोरखा मैदानमा दार्जिलिङ लोकसभा केन्द्रको उम्मेदवार राजू बिष्टको समर्थनमा सभालाई संबोधित गर्नु हुने कार्यक्रम रहेको थियो। यसै बीच, खराब मौसम रहेको कारण अमित शाह बागडोगरादेखि हेलीकह्प्टरमा दार्जीलिंग पुग्नु सक्नु भएन जस पछि अमित शाहले मोबाइल फोनबाट नै दार्जिलिंगको जनता सम्म आफ्नो संदेश पुरयाउनु भयो।

****** ० ******

**पी.एम महावीर जयंती**

प्रधानमंत्री नरेन्द्र मोदीले संघर्षको वर्तमान समयमा विश्व समुदायले शांतिकोलागि भारततर्फ हेरिरहेको बताउनुभएको छ। उहाँले नयाँ भारतको यस नयाँ भूमिकाको श्रेय देशको बढ्दो क्षमताहरु अनि विदेशी नीतिलाई दिनुभयो। श्री मोदीले यो कुरो आज नयाँ दिल्लीको भारत मंडपम मा भगवान महावीरको दुइ हजार पांच सय पचास औ निर्वाण महोत्सवको उद्घाटन गर्दै भन्नुभयो। श्री मोदीले भन्नुभयो कि भगवान महावीर प्रति युवा पीढ़िको समर्पण अनि आकर्षणद्वारा, देश सठिक दिशामा बढ़िरहेको विश्वास उत्पन्न हुँदछ। विश्वका धेरै देशहरु संघर्षरत अनि युद्धरत रहेको समय, भारतले विश्वबंधु को रुपमा आफ्नो स्थान बनाएर राखेको प्रधान मंत्रीले बताउनुभयो। उहाँले भन्नुभयो कि जलवायु परिवर्तनलाई रोक्न को लागि मिशन लाइफ अनि श्एक पृथ्वी एक परिवार एक भविष्यश को दृष्टिकोण अपनाउन सहित धेरै पहलहरु गरिएको छ। यी पहलहरुको कारण भारतीय संस्कृति अनि परम्पराहरु प्रति विश्वको दृष्टिकोण परिवर्तित भएको पनि श्री मोदीले बताउनुभयो। उहाँले भारत बाहिरबाट आधुनिक अनि भित्रबाट आध्यात्मिक रहेको बताउनुभयो। श्री मोदीले भगवान महावीरको शिक्षाहरुको अनुसरण गर्नमाथि जोड़ दिनुहुँदै यी मूल्यहरु समयको मांग रहेको बताउनुभयो। उहाँले भारत भ्रष्टाचार अनि निराशाको समय देखि बाहिर निस्किरहेको तथा पच्चीस करोड

भन्दा अधिक भारतीयहरुलाई गरीबी रेखादेखि बाहिर निकालिएको दावी पनि गर्नुभयो। यस अवसरमा केन्द्रीय संस्कृति मंत्री अर्जुन राम मेघवालले भगवान महावीरको दर्शन आज पनि प्रासंगिक रहेको बताउनुभयो। उहाँले भन्नुभयो कि जियो और जीने दो को सिद्धांत आज पनि महत्वपूर्ण अनि सामयिक छ। श्री मोदीले यस अवसरमा एउटा स्मारक सिक्का अनि डाक टिकट पनि जारी गर्नुभयो।

****** o ******

**राष्ट्रपति-प्रधानमंत्री-महावीर जयंती**

राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति जगदीप धनखड़ अनि प्रधानमंत्री नरेन्द्र मोदीले आज महावीर जयंतीको अवसरमा देशवासीहरुलाई शुभकामना दिनुभएको छ। आफ्नो संदेशमा राष्ट्रपति मुर्मुले नागरिकहरुसित, भगवान महावीरको शिक्षाहरुलाई अपनाएर सबै जीवहरुका कल्याणको लागि काम गर्ने संकल्प लिने आग्रह गर्नुभयो। उहाँले भन्नुभयो कि भगवान महावीर त्याग, करुणा एवं संवेदनशीलता को मूर्तिमान प्रतीक हुनुहुन्थयो। संयम, सदाचार, अहिंसा एवं अपरिग्रहको उहाँको शिक्षाहरुलाई आज पनि प्रासंगिक रहेको राष्ट्रपतिले बताउनु भयो।उपराष्ट्रपति धनखड़ले भन्नुभयो कि भगवान महावीरले हामीलाई शांतिपूर्ण, सौहार्दपूर्ण अनि समृद्ध समाजको निर्माणको मार्ग देखाउनुभएको छ। प्रधानमंत्री श्री नरेन्द्र मोदीले आफ्नो संदेशमा शांति, संयम अनि सद्‌भावनाको प्रतीक भगवान महावीरको संदेश विकसित भारतको निर्माणमा प्रेरणापुंज रहेको बताउनु भएकोछ।

****** o ******

**राजनाथ रैली**

भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि केन्द्रीय मंत्री राजनाथ सिंहले पश्चिम बंगालमा कानून अनि व्यवस्थाको स्थितिलाई लिएर ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कंग्रेस सरकारको आलोचना गर्दै सम्पूर्ण राज्यमा अराजकताको वातावरण बनिरहेको बताउनुभएको छ। रक्षा मंत्रीले ममता बनर्जीले मुर्शिदाबादका प्रवासी मजदूरहरुलाई राष्ट्रीय नागरिक पंजीकरण (एनआरसी) को मुद्दामा भ्रमित पारिरहेको आरोप पनि लगाउनुभएको छ। उहाँले आज मुर्शिदाबाददेखि भाजपा उम्मीदवारको समर्थनमा जालांगीको  नरसिंहपुरमा एउटा जनसभालाई संबोधित गर्नु भइरहेको थियो। रक्षा मंत्रीले भन्नुभयो कि केन्द्र सरकारले पश्चिम बंगालको लागि धेरै विकास कार्यक्रमहरु शुरू गरेको छ। तृणमूल कांग्रेसले धर्मको नाममा विभाजन गरिरहेको तथा भारतीय जनता पार्टीले यसको कडा विरोध गरिरहेको पनि राजनाथ सिंहले बताउनुभयो।

****** o ******

**सतपाल-दार्जिलिंग**

भारतीय जनता पार्टीको नेता, अध्यात्मिक गुरु एवं उत्तराखंड सरकारमा पर्यटन मंत्री सतपाल महाराजले आज दार्जीलिंगमा भाजपा उम्मीदवार राजू बिष्टको समर्थनमा चुनावी जनसभालाई संबोधित गर्नुभयो। यस अवधि सतपाल महाराजले ममता बनर्जी सरकारको आलोचना गर्नु भयो। उहाँले भन्नुभयो कि केंद्रमा प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा भाजपा सरकारले नयाँ कीर्तिमान स्थापित गरिरहेको छ भने पश्चिम बंगालमा ममता बनर्जीको तृणमूल सरकारको गुंडागर्दी चलिरहेको बताउनु भयो। भाजपा नेताले दार्जीलिंगको लेबोंगमा स्थित गोरखा ग्राउंडमा आयोजित चुनावी जनसभालाई संबोधित गर्दै भन्नुभयो, गोरखालैंड क्षेत्रीय प्रशासन (जीटीए) ले विकास कार्य सही ढंगले गर्न सकिरहेको छैन। विगतमा, प्रत्येक वर्ष पहाड़बाट लगभग १०० युवा नर्सिंग संस्थानहरुमा पंजीकृत हुने गर्थ्यो भने यस शैक्षणिक वर्षमा प्रवेश नीतिमा परिवर्तन भएको कारण केवल २० जना युवाले प्रवेश पाएको सतपाल महाराज ले बताउनु भयो। तृणमूल कंग्रेसले केवल आफ्नो पार्टी कार्यकर्ताहरुलाई पहाड़ी क्षेत्रमा पट्टा अर्थात भूमि अधिकार दस्तावेज वितरित गरिरहेको आरोप पनि लगाउनु भयो। सतपाल महाराजले ममता सरकारको उपेक्षित नीतिहरुको कारण पुनः अलग राज्यको मांग उठ्न थालेको पनि बताउनु भयो। उहाँले केंद्र सरकारले वित्त वर्ष २०२१-२२ को केंद्रीय बजटमा असम अनि पश्चिम बंगालमा चिया श्रमिकहरुको कल्याणको लागि १ हजार करोड़ रुपियाँ आवंटनको घोषणा गरेको तथा २०२३-२४ को केंद्रीय बजट विशेष रूपले दार्जिलिंग पहाड़, तराई अनि डुवर्स क्षेत्रका मानिसहरुका लागि लाभदायक रहेको सतपाल महाराजले बताउनु भयो। यस अवसरमा पश्चिम बंगाल भाजपाको उपाध्यक्ष संजम सिंह, दार्जिलिंग विधायक नीरज जिम्बा, भाजपा जिलाध्यक्ष कल्याण देवान, गोजमुमो अध्यक्ष विमल गुरुंग समेत अन्य उपस्थित थिए।

****** o ******

**दार्जीलिङ चुनाव प्रचार**

दार्जीलिङ संसदीय सीटमा चुनाव प्रचार चरममा पुगेको छ। बीजेपीको पक्षमा आज दार्जीलिङमा पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहको रयाली थियो। खराब मौसमले गर्दा हेलिकप्टर ल्याण्ड गर्न नसके तापनि उहाले फोन मार्फत सम्बोधन गर्दै संविधानको दायराभित्र रहेर गोर्खा समुदायलाई न्याय दिइने कुरा भन्नुभयो साथै छुटेका ११ जात गोष्ठीलाई अनुसूचित जातिको मान्यता दिने कुरा बारे विचार भइरहेको भन्नुभयो। स्मरण रहोस दार्जीलिङ संसदीय सीटमा २६ अप्रेलको दिन दोस्रो चरणमा मतदान गराइनेछ। यस सीटमा जम्मा १४ जना उम्मेद्वारहरू चुनावी मैदानमा छन्। टी.एम.सी-को सिम्बलमा बी.जी.पी.एम-ले गोपाल लामालाई खड़ा गरेको छ भने बीजेपीले राजु विष्टलाई दोस्रोपल्ट उम्मेद्वार बनाएको छ। कंग्रेसले डा. मुनिष तामाङलाई टिकट दिएको छ। मुख्य प्रतिद्वन्द्वीता टी.एम.सी र बी.जे.पी बीच हुनेछ।

****** ० ******

**यू.जी.सी. नेट- पंजीकरण**

विश्वविद्यालय अनुदान आयोगद्वारा यस वर्ष १६ जूनमा गराइने राष्ट्रीय पात्रता परीक्षा-नेटको लागि राष्ट्रीय परीक्षा एजेन्सी- एन.टी.ए.-को वेबसाइटमा पंजीकरण शुरु भएको छ। पंजीकरण १० मईसम्म गर्न सकिनेछ तथा शुल्क जमा गर्ने अन्तिम तारीख १२ मई रहनेछ। नेट परीक्षा उत्तीर्ण भएको खण्डमा जूनियर रिसर्च फैलोशिप दिइन्छ अनि सहायक प्रोफेसरको पदमा नियुक्ति को पात्रता प्राप्त हुँदछ। यस परीक्षाकोलागि केवल एउटा आवेदन भर्न सकिन्छ।

****** ० ******

**नेपाल- हिमस्खलन**

नेपालमा आज बिहान माउन्ट मानसलू मा भयंकर हिम पैह्रो भएको कारण पर्वत चोटी मुनि स्थित बिरेन्द्र झील तथा नदीमा जलस्तर धेरै बढ़ेर गयो। यो जगह आबादीदेखि टाड़ा रहेको कारण जान-मालको नोकसानको तत्काल कुनै खबर छैन। नेपाल सरकारले गोरखा क्षेत्रमा बुढ़ि गण्डकी नदी नजिक बस्ने मानिसहरुलाई सतर्क बस्ने निर्देश दिएको छ। प्रभावित क्षेत्रहरुमा सुरक्षा बलहरुलाई तैनाथ गरिएको छ।

****** ० ******

************